"हाम्रो नगर हाम्रो शान, स्मार्ट सिटी (SMART CITY) निर्माण हाम्रो अभियान"

# निजगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## निजगढ, बारा

२ नं. प्रदेश, नेपाल

०५३-५४०२००

पत्रसंख्या : २०७४/२०७५

चलानी नं. :- ४०

मिति - २०७४/०४/०४

विषय :- कार्य आदेश दिईएको सम्वन्धमा ।

प्रो. श्री शिवनाथ प्रसाद पटेल,
गढीमाई इन्टरप्राईजेज, बारा ।

.......................................................

प्रस्तुत सम्वन्धमा तपाईले यस कार्यालयमा पेश गर्नु भएको आ.व. २०७४/२०७५ को २०७४ श्रावण १ गते देखि २०७५ आषाढमसान्तसम्मको लागी निजगढ नगरपालिका क्षेत्र भित्र सार्वजनिक संरचना मर्मत सम्भार शुल्क सम्वन्धी कार्यको वोलपत्र पेश गर्नु भएकोमा सबै भन्दा वढी रु ३१५०,५५१/- वोल कवोल गर्नु भएकोमा स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७० उपनियम २ वमोजिम स्वीकृत गरीएको छ । तपाईले कवोल गरेको रकम यस कार्यालय दाखिला गरी सक्नु भएको हुदाँ वोलपत्रका शर्तहरु, यस कार्यालयमा भएको मिति २०७४/०४/०४ मा भएको सम्झौताका शर्तहरु र प्रचलित कानुनको अधिनमा रही निम्न दररेटमा आजैका मितिदेखि सार्वजनिक संरचना मर्मत सम्भार शुल्क असुल गर्न हुन यो कार्य-आदेश दिइएको छ ।

### करको दररेट

| क्र.सं. | विवरण | दर रु |
|---|---|---|
| १ | बस | ५०/- |
| २ | जिप | ३०/- |
| ३ | पराल बोक्ने ट्याक्टर | ५०/- |
| ४ | ढुंगा, गिटी, वालुवा बोक्ने ट्याक्टर | १००/- |
| ५ | आन्तरिक ढुंगा, गिटी, वालुवा बोक्ने ट्याक्टर | ५०/- |
| ६ | ट्रक तथा टिपर ६ चक्के | २००/- |
| ७ | ट्रक तथा टिपर १० चक्के | ३००/- |
| ८ | ट्रक तथा टिपर १२ चक्के | ३५०/- |
| ९ | ट्रक तथा टिपर १२ चक्के भन्दा माथि | ४००/- |

नोट :- आन्तरीक भन्नाले नगरपालिका क्षेत्र भित्रका सहायक मार्गहरुमा सन्चालन हुने सवारी साधनहरुले सो सडक प्रयोग गर्ने हुदाँ सो सडक मर्मत गर्नु गराउनु पर्ने भएकोले सोलाई आन्तरीक भनी बुझ्नु पर्नेछ ।

..........................
( भरतचन्द्र अधिकारी )
कार्यकारी अधिकृत

भरतचन्द्र अधिकारी
कार्यकारी अधिकृत

वोधार्थ

श्री जिल्ला समन्वय समितिको कार्यालय, बारा ।
श्री जिल्ला प्रशासन कार्यालय, कलैया ।
श्री जिल्ला प्रहरी कार्यालय, कलैया, बारा ।
श्री जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढ :- उपरोक्त कार्यमा सहयोग गरी दिनु हुन ।
श्री ईलाका प्रहरी कार्यालय, निजगढ :- उपरोक्त कार्य गर्दा वाधाविरोध गरेमा आवश्यक सहयोग गरी दिनु हुन ।
श्री सशत्र प्रहरी वल, निजगढ :- उपरोक्त कार्यमा सहयोग गरी दिनु हुन ।